# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ


मिति: २०७३।०६।०५ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

---

नारायणी उप क्षेत्रिय अस्पताल, बिरगंज, पर्साको मेडिकल अफिसर पदमा कार्यरत कुशराज गिरीले आई.एस.सि. तहको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नेपाल मेडिकल काउन्सिलबाट मेडिकल काउन्सिल सदस्यता प्राप्त गरी जागिर समेत खाएको भन्ने समेत व्यहोराको पत्र उजुरीका सम्बन्धमा आयोगद्वारा उच्च माध्यमिक शिक्षा परिषद सानो ठिमी, भक्तपुर मार्फत सम्बन्धित बोर्डमा बिहार विद्यालय परिक्षा समिति (उच्च माध्यमिक) पटना भारतबाट जारी भएको नाम कुशराज गिरी, वर्ष सन् १९९०, नम्बर TS 15766 Enlistment No. W5015-87 जम्मा अंक 597 रहेको आई.एस.सि. तहको शैक्षिक योग्यताको प्रमाण-पत्रमाथी अनुसन्धान हुँदा झुठा देखिन आएको र उक्त झुठा शैक्षिक योग्यताका प्रमाणपत्र पेश गरी राष्ट्रसेवक मेडिकल अधिकृत पदमा नियुक्ति हुने र सो ओहोदामा बहाल रहने तथा सो हैसियतले लाभ एवं सविधा पाउने उदेश्यले उक्त झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नियुक्ति भएको पुष्टी हुँदा निज मेडिकल अफिसर कुशराज गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएकोले राष्ट्रसेवक मेडिकल अधिकृत कुशराज गरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी